अन्नपूर्ण समृद्धिको आधार

कृषि

पर्यटन

उर्जा

पूर्वाधार


अन्नपूर्ण गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
माछापोखरी, कास्की
गण्डकी प्रदेश, नेपाल
☎ : ०६१–४१४१०१, ४१४१०२, ४१४१०३, ४१४१०६
Website : www.annapurnamunkaski.gov.np
Email : apgaupalika@gmail.com, info@annapurnamunkaski.gov.np


अन्नपूर्ण दर्पण-१

"कृषि, पर्यटन, उर्जा र पूर्वाधार; अन्नपूर्ण समृद्धिको आधार"

# अन्नपूर्ण दर्पण-१

(नव निर्वाचित जनप्रतिनिधिहरूको पहिलो वर्षको प्रगति विवरण)




अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माछापोखरी, कास्की
गण्डकी प्रदेश, नेपाल

*"कृषि, पर्यटन, उर्जा र पूर्वाधार, अन्नपूर्ण समृद्धिको आधार"*

# अन्नपूर्ण दर्पण-१

**(नव निर्वाचित जनप्रतिनिधिहरूको पहिलो एक वर्षको उपलब्धी)**

(२०७९ ज्येष्ठ ६ गतेदेखि २०८० ज्येष्ठ ५ गतेसम्म)


**प्रमुख संरक्षक**

विष्णु बहादुर के.सी., अध्यक्ष

चन्द्रकला अधिकारी, उपाध्यक्ष

**संरक्षक**

खेमराज देवकोटा, प्रमुख प्रशासकीय अधिकृत

**प्रकाशन समिति**

संयोजक : भरतमान गुरुङ, प्रवक्ता, वडा अध्यक्ष, अन्नपूर्ण गाउँपालिका-७, कास्की

सदस्य : जिवनाथ पौडेल, वडा अध्यक्ष, अन्नपूर्ण गाउँपालिका-५, कास्की

सदस्य : बलराम भुगाईं, शिक्षा अधिकृत, अन्नपूर्ण गाउँपालिका

सदस्य : ठाकुर प्रसाद अधिकारी, अधिकृत छैठौं, अन्नपूर्ण गाउँपालिका

सदस्य सचिव : ई. सूर्यप्रसाद तिमिल्सिना, सूचना प्रविधि अधिकृत, अन्नपूर्ण गाउँपालिका

**सम्पादन सल्लाहकार**

सरिता गौतम, लेखा अधिकृत

ऋषिराम पौडेल, स्वास्थ्य संयोजक

अतित खनाल, ईन्जिनियर

लक्ष्मण बस्ताकोटी, अधिकृत

नारायण क्षेत्री, अधिकृत

ऋषिराम दाहाल, पशु विकास अधिकृत

सरोज कुँवर, कृषि स्नातक

प्रभात पौडेल, सर्वेक्षक

निर्मला कुँवर, स.म.वि.नि.

बुलन्द भण्डारी, सहायक चौथो

पिताम्बर सुवेदी, कम्प्यूटर अपरेटर

जगन्नाथ भण्डारी, एम.आई.एस. अपरेटर

**प्रकाशक**

**अन्नपूर्ण गाउँपालिका,**

**गाउँ कार्यापालिकाको कार्यालय, माछापोखरी, कास्की**

Website: www.annapurnamunkaski.gov. np

Email: apgaupalika@gmail.com, info@annapurnamunkaski.gov.np



# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची–महाकाली

प्रकृतिका कोटी–कोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय – जय नेपाल ।

# अध्यक्षको मन्तव्य



अन्नपूर्ण बासी सम्पूर्ण बुबाआमा, दाजुभाई, दिदी बहिनीहरूमा हार्दिक नमस्कार !

२०७२ असोज ३ गते जारी नेपालको संबिधानसँगै लागु भएको संघीय शासन प्रणाली अनुसार गठित तीन तहको सरकार अन्तर्गत स्थानीय तहको दोश्रो निर्वाचन २०७९ बैशाख ३० गते सम्पन्न भई निर्वाचित जनप्रतिनिधिहरूको कार्यकालको पहिलो बर्ष पुरा भएको छ । यस अवसरमा यहाँहरूले हामीलाई बिश्वास गरी पाँच बर्षको लागि अन्नपूर्णको समग्र बिकास र नेतृत्व गर्ने अवसर प्रदान गर्नुभएकोमा हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दै निर्वाचनका समयमा हामीले सार्वजनिक रुपमा व्यक्त गरेका प्रतिवद्धताहरू साथै यहाँहरूले दर्शाउनुभएका बिश्वास र व्यक्त गर्नुभएका सुझावहरू अनुसार "समृद्ध अन्नपूर्ण सुखी र खुशी अन्नपूर्णबासी" बनाउने सपना साकार पार्न क्रियाशील रहने प्रतिबद्धता व्यक्त गर्दछौं ।

हाम्रो कार्यकालको पहिलो बर्ष पुरा हुन गइरहेको सन्दर्भमा प्रथम सामाजिक परीक्षण स्वरूप गाउँपालिकाबाट एक बर्षभित्र सम्पन्न भएका प्रगति विवरणहरू उल्लेख गरी अन्नपूर्ण दर्पण प्रकाशन गर्ने प्रयास गरेका छौं । लोकतन्त्रको मुख्य आधार भनेको नागरिक पारदर्शिता र जवाफदेहिता हो । यस दर्पणले गाउँपालिकाको सर्वाङ्गीण बिकासका उपलब्धिहरूलाई नागरिक सामु पुऱ्याउनुका साथै बुझ्ने र बुझाउने महत्वपूर्ण अवसर प्रदान गर्नका साथै नागरिक पारदर्शिता सहित गाउँपालिकाको सेवाहरूलाई थप व्यबस्थित बनाउँदै नागरिक मैत्री सेवा प्रबाहमा थप मार्गनिर्देश गर्नेछ भन्ने बिश्वास लिएको छौं ।

यस दर्पण प्रकाशनमार्फत् हामी जनप्रतिनिधि निर्वाचित भएर यस एक बर्षभित्र हामीले सम्पन्न गरेका विभिन्न विषयगत क्षेत्रमा गरिएका कार्यहरूको लिपीबद्ध गर्ने प्रयास गरिएको छ । समृद्ध अन्नपूर्ण निर्माणका लागि नागरिकहरूको अपेक्षा अनुसारका गतिबिधिहरू संचालन गर्दै आवश्यकता र प्राथमिकताका आधारमा ब्यबस्थित योजना निर्माण र कार्यान्वयन गर्नुपर्दछ । नागरिकहरूको समेत सहभागिता र संलग्नतामा निर्माण गरिने योजनाहरूको कार्यान्वयनले मात्र अपेक्षित लक्ष्य, उद्देश्य र उपलब्धि हाँसिल गर्न सकिन्छ ।

निर्वाचनका अबधिमा यहाँहरू बिच हामीले सार्वजनिक गरेका प्रतिबद्धताहरू, यहाँहरूले दिनुभएका सुझाबहरू हाम्रो योजना निर्माण र कार्यान्वयनका मार्गनिर्देशनका आधारका रुपमा ग्रहण गर्दै अगाडि बढ्ने प्रयास गरिरहेका छौं । पूर्वाधार बिकास, गुणस्तरीय शिक्षाका लागि शैक्षिक क्षेत्र सुधार, नागरिकको स्वास्थ्यको प्रत्याभूति स्वरूप स्वास्थ्य बिमा, शुसासनका लागि प्रशासनिक सुधार, विपद ब्यबस्थापन, महिला शसक्तिकरण, उत्पीडित समुदाय, आदीबासी, जनजाति, अपाङ्गता भएका नागरिक, कृषि, पर्यटन, उर्जा लगायतका क्षेत्रमा बिशेष जोड दिंदै टोलटोल र वडास्तरबाट योजना संकलन र छनौट गरी आवश्यकता र प्राथमिकताका आधारमा बजेट बिनियोजन गरेका छौं ।

अन्त्यमा, हामी जनप्रतिनिधि निर्वाचित भएर कार्यभार ग्रहण गरेपछि गाउँपालिकाको हरेक गतिबिधि र कार्यक्रममा सहभागिता साथै सल्लाह सुझाब प्रदान गरी साथ दिनुहुने आम जनसमुदाय, राजनैतिक दलहरू, सामाजिक एबम् बौद्धिक व्यक्तित्वहरू सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि सकारात्मक सहयोगको अपेक्षा गर्दछौं । त्यसैगरी यस **अन्नपूर्ण दर्पण** प्रकाशन उपसमितिमा बसेर भूमिका निर्वाह गर्नुहुने प्रकाशन उपसमिति, गाउँपालिका प्रशासन परिवार, मुद्रणमा सहयोग पुऱ्याउने पश्चिमाञ्चल अफसेट प्रेसप्रति हार्दिक हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

**बिष्णु बहादुर के.सी.**
अध्यक्ष

# उपाध्यक्षको मन्तव्य



अन्नपूर्ण बासी सम्पूर्ण बुबाआमा,दाजुभाई,दिदी बहिनीहरूमा हार्दिक नमस्कार !!!

स्थानीय तहको दोश्रो निर्वाचन २०७९ बैशाख ३० गते सम्पन्न भई निर्वाचित जनप्रतिनिधिहरूको कार्यकालको पहिलो बर्ष पुरा भएको छ । यहाँहरूले हामीलाई बिश्वास गरी पाँच बर्षको लागि अन्नपूर्णको समग्र बिकास र नेतृत्व गर्ने अवसर प्रदान गर्नुभएकोमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु। हाम्रो कार्यकालको पहिलो बर्ष पुरा हुन गइरहेको सन्दर्भमा प्रथम सामाजिक परीक्षण स्वरूप गाउँपालिकाबाट एक बर्षभित्र सम्पन्न भएका प्रगति विवरणहरू उल्लेख गरी **अन्नपूर्ण दर्पण** प्रकाशन गर्ने प्रयास गरेका छौं ।

लोकतन्त्रको मुख्य आधार भनेको नागरिक पारदर्शिता र जवाफदेहिता हो। यस दर्पणले गाउँपालिकाको सर्वाङ्गीण बिकासका उपलब्धिहरूलाई नागरिक सामु पुऱ्याउनुका साथै बुझ्ने र बुझाउने महत्वपूर्ण अवसर प्रदान गर्नका साथै नागरिक पारदर्शिता सहित गाउँपालिकाको सेवाहरूलाई थप ब्यबस्थित बनाउँदै नागरिक मैत्री सेवा प्रबाहमा थप मार्गनिर्देश गर्नेछ भन्ने बिश्वास लिएको छौं ।

सीमित श्रोत साधनका बाबजुत एक बर्षभित्र अन्नपूर्णबासीलाई स्थानीय सरकारको आभास दिलाउन हामीले गरेको प्रयासलाई यस पुस्तकमार्फत् सार्वजनिक गर्न पाउँदा खुशी लागेको छ। योजनाको गुणस्तर कायम गर्नको लागि अनुगमन समितिको संयोजकको हैसियतमा होस् या न्यायिक समितिको संयोजकको हैसियतमा होस्, हामीले केही नयाँ सुरु गर्ने जमर्को गरेका छौं। त्यस्तै सामाजिक सशक्तिकरणको लागि प्राथमिकताका साथ जनताले अनुभूति गर्न सकिने गरी हामीले केही सुरुवात गरेका छौं भन्ने कुरामा बिश्वस्त हुन आग्रह गर्दछु।

यस दर्पण प्रकाशन मार्फत हामी जनप्रतिनिधि निर्वाचित भएर यस एक बर्षभित्र हामीले सम्पन्न गरेका भौतिक पूर्वाधार, सामाजिक, मानव संशाधन, महिला बालबालिका, उत्पीडित समुदाय, आदीबासी जनजाति, अपांगता भएका व्यक्ति, शिक्षा, स्वास्थ्य क्षेत्रमा गरिएका कार्यहरूको लिपीबद्ध गर्ने प्रयास गरिएको छ। समृद्ध अन्नपूर्ण निर्माणका लागि नागरिकहरूको अपेक्षा अनुसारका गतिबिधिहरू संचालन गर्दै आवश्यकता र प्राथमिकताका आधारमा व्यबस्थित योजना निर्माण र कार्यान्वयन गर्नुपर्दछ। नागरिकहरूको समेत सहभागिता र संलग्नतामा निर्माण गरिने योजनाहरूको कार्यान्वयनले मात्र अपेक्षित लक्ष्य, उद्देश्य र उपलब्धी हाँसिल गर्न सकिन्छ। यस दर्पणले गाउँपालिकाको सर्वाङ्गीण बिकासका उपलब्धिहरूलाई नागरिक सामु पुऱ्याउनुका साथै बुझ्ने र बुझाउने महत्वपूर्ण अवसर प्रदान गर्नका साथै नागरिक पारदर्शिता सहित गाउँपालिकाको सेवाहरूलाई थप व्यबस्थित बनाउँदै लैजाने कुरामा हामी दृढ छौं ।

निर्वाचनका अबधिमा यहाँहरू बिच हामीले सार्वजनिक गरेका प्रतिबद्धताहरू, यहाँहरूले दिनुभएका सुझाबहरू हाम्रो योजना निर्माण र कार्यान्वयनका मार्गनिर्देशनका आधारमा रुपमा ग्रहण गर्दै अगाडि बढ्ने प्रयास गरिरहेका छौं ।

अन्त्यमा, हामी जनप्रतिनिधि निर्वाचित भएर कार्यभार ग्रहण गरेपछि गाउँपालिकालाई नमूना पालिका बनाउने हाम्रो जमर्कोमा सल्लाह सुझाब प्रदान गर्नुहुने सम्पूर्ण सरोकारवालाहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि सकारात्मक सहयोगको अपेक्षा सहित अन्नपूर्ण दर्पण प्रकाशनको लागि भूमिका निर्वाह गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

**चन्द्रकला अधिकारी**
उपाध्यक्ष

# प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य



कृषि, पर्यटन, उर्जा र पूर्वाधार; अन्नपूर्ण समृद्धिको आधार भन्ने मूल ध्येयका साथ बिकास र समृद्धिको यात्रामा अगाडी बढीरहेको अन्नपूर्ण गाउँपालिकाले स्थानीय तहको दोश्रो निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूसँग काम गरेको आज एक बर्ष भएकोछ। अन्नपूर्ण गाउँपालिकालाई बिकास, समृद्धि र शुसासनका दृष्टीले देशकै नमूना गाउँपालिका बनाउने संकल्प सहित गाउँपालिका अध्यक्षज्यूको नेतृत्वमा सम्पूर्ण जनप्रतिनिधिहरू एक ढिक्का भएर अगाडि बढिरहेको छ।

गाउँपालिकाको उक्त संकल्प पूरा गराउने अभियानलाई स्थानीय तहको सेवा प्रवाहको प्रभावकारिताले अहम भूमिका खेल्दछ। तसर्थ स्थानीय तहको सार्वजनिक प्रशासनलाई मितब्ययी, सदाचारयुक्त, जवाफदेही र क्षमतावान बनाउने बिषयलाई गाउँपालिकाले प्राथमिकतामा राखेको छ। निर्वाचित जनप्रतिनिधिज्यूहरू आइसकेपछि गाउँपालिकाको सेवा प्रबाह र प्रशासनिक कार्यमा आमुल सकारात्मक परिवर्तन भएको अनुभूत गर्न सकिन्छ।

खासगरी गाउँपालिकाको सेवा प्रबाहलाई प्रबिधिमैत्री बनाउँदै राजश्व, योजना, भुक्तानी प्रणाली पंजीकरण लगायतका सेवाहरूलाई डिजिटल प्रविधिमा आधारित गराइनुको साथै कर्मचारीको कार्यालयमा नियमितताको लागि इ-हाजिरी ब्यबस्था गरिएको छ भने कर्मचारीलाई राष्ट्र र जनता प्रति प्रतिबद्ध गराउँदै सेवामा सदचारिता ल्याउन बिहान ठिक दश बजे राष्ट्रिय गानमा सहभागितामा जोड दिइएको छ।

गाउँपालिकाको सेवा प्रबाहलाई सरलीकरण र विकेन्द्रित गर्दै सेवामा प्रभाबकारिता ल्याउन गाउँपालिकाको वडा नं. ८ मा पशु सेवा केन्द्र, कृषि सेवा केन्द्र र पर्यटन सूचना केन्द्रको स्थापना गरी गाउँपालिका केन्द्रबाट टाढा रहेको नागरिकलाई नजिकबाट सेवा दिने प्रयास गरिनुका साथै गाउँपालिकाका शाखाहरूलाई पनि सवलीकरण र प्रबिधि मैत्री बनाउँदै लागिएको छ।

गाउँपालिकालाई नमूना पालिका बनाउने संकल्प पुरा गर्ने अभियानमा गाउँपालिकाको सम्पूर्ण कर्मचारीहरू आफ्नो क्षमताले भ्याएसम्म एकजुट भएर लागिएको छ। आगामी दिनमा पनि जनप्रतिनिधिद्वारा जनतासमक्ष गरेका प्रतिबद्धताहरू पुरा गर्दै नमूना गाउँपालिका बनाउने अभियानमा गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरूको साथ र सहयोग रहनेछ भन्ने प्रतिबद्धता गर्न चाहन्छौं। जसरी सुन्दर संगितको सृष्टि बिभिन्न ध्वनिको समन्वयबाट हुन्छ, एउटी मात्र ध्वनिले संगित निस्कन सक्दैन त्यसै गरी गाउँपालिकलाई सफल बनाउन सबै पक्षको प्रयास, प्रतिबद्धता, साथ र सहयोगको आवश्यकता पर्दछ। तसर्थ यस अभियानमा गाउँपालिकाभित्रका निर्वाचित जनप्रतिनिधि, राजनैतिक दल, नागरिक समाज, कर्मचारी, बौद्धिक बर्ग र नागरिकहरूको सदा झैं आगामी दिनमा पनि साथ र सहयोगको अपेक्षा गर्दछौं।

**खेमराज देबकोटा**
प्रमुख प्रशासकीय अधिकृत

# प्रकाशकीय

अन्नपूर्ण गाउँपालिका, कास्की नेपालमै एक महत्वपूर्ण पर्यटकीय गन्तव्यहरू मध्येको एक हो । यस गाउँपालिकाभित्र पर्यटनको प्रचुर सम्भावना रहेको छ । पर्यटनसँगै कृषि, उर्जा र पूर्वाधार निर्माण नै अन्नपूर्ण समृद्धिका प्रमुख आधार हुन् । हामी अन्नपूर्णबासी नागरिक हुनुमा गौरबको अनुभूति गरिरहेका छौं ।

नेपालको संघीय शासन प्रणाली अन्तर्गत रहेका तीन तहका सरकारमध्ये स्थानीय सरकार नागरिकको प्रत्यक्ष सरोकार रहने सरकार हो । स्थानीय सरकार भनेको नागरिक अपनत्व महशुश हुने र हरेक आपत विपद, दुःख सुख र सर्वाङ्गीण बिकाससँगै नागरिकले घरबाट निस्केपछि भेटिने नजिकको सरकार स्थानीय सरकार हो ।

नयाँ संबिधान जारी भएसँगै २०७४ र २०७९ मा सम्पन्न स्थानीय निर्वाचनबाट हामीले स्थानीय सरकारको प्रत्यक्ष अनुभूति गर्न पाएका छौं । गाउँपालिकाभित्रका सर्वाङ्गीण बिकास गतिविधिहरू के-के हुँदैछ भनेर बुझ्न पाउनु गाउँपालिकाबासी हरेक नागरिकको अधिकार हो । हरेक नागरिकले सरकार र सरकारका गतिबिधिका बारेमा सुसूचित हुन पाउने सूचनाको हक एक महत्वपूर्ण पक्ष हो भने लोकतन्त्र र बिकासको आधार पनि हो ।

अन्नपूर्ण गाउँपालिकाले पालिकाभित्र गरेका पूर्वाधार बिकास, नीतिगत निर्णयहरू, भौतिक सामाजिक बिकास, मानव संशाधन बिकास लगायतका बिबिध पक्षलाई अन्नपूर्ण दर्पण मार्फत गाउँपालिकाबासी नागरिकहरूमा सम्प्रेषण गर्ने जमर्को गरेको छ। गाउँपालिकाको बारेमा बुझ्न चाहने जो कोहीलाई यो एउटा लिखित दस्ताबेजले भोलिका दिनमा सन्दर्भ सामग्रीको रुपमा रहने अपेक्षा छ। यस अन्नपूर्ण दर्पण प्रकाशन मार्फत् २०७९ बैशाख ३० गतेको स्थानीय तह निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिबाट यो एक बर्षभित्र पालिकामा भएका गतिबिधिलाई समेटेर अन्नपूर्ण दर्पण प्रकाशन गर्ने निर्णयलाई प्रकाशन समितिको तर्फबाट सहर्ष स्वीकार गरी जिम्मेवारी बहन गरेका छौं । यस गाउँपालिका दर्पण प्रकाशनमा सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दै पढेर सल्लाह सुझाब दिनुहुन सम्पूर्णमा हार्दिक आग्रह गर्दछौं ।

**भरतमान गुरुङ**
गाउँपालिका प्रबक्ता एबम्
संयोजक, प्रकाशन समिति

# विषय सूची


| क्र.सं | शीर्षक | पेज नं. |
|---|---|---|
| १. | गाउँपालिकाको परिचय एवं वस्तुस्थिति | १ |
| २. | नवनिर्वाचित जनप्रतिनिधिहरूको सपथ एवम् पदवहाली | ४ |
| ३. | मुख्य उपलब्धीहरू | ७ |
| ४. | अन्य विविध क्रियाकलापहरू | ३० |
| ५. | विभिन्न विषयगत शाखाबाट सम्पादित अन्य कार्यहरू | ३४ |
| ६. | जनप्रतिनिधि तथा कर्मचारी विवरण | ४९ |
| ७. | पत्रपत्रिका कभरेज | ५६ |

# गाउँपालिकाको परिचय एवम् बस्तुस्थिति

## अन्नपूर्ण गाउँपालिकाको परिचय

### १.१. गाउँपालिकाको संक्षिप्त परिचय

अन्नपूर्ण गाउँपालिका नेपालको प्रशासनिक विभाजन अनुसार कास्की जिल्ला, गण्डकी प्रदेशमा पर्दछ। अन्नपूर्ण गाउँपालिका भौगोलिक हिसाबले ८३°४२'०"E देखि ८३°५७'०"E पूर्व देशान्तरसम्म र २८°३६'४५"N देखि २८°१५'१५"N उत्तरी अक्षांश सम्म अवस्थित छ। ४१७.७४ वर्ग.कि.मि. क्षेत्रफल रहेको यस अन्नपूर्ण गाउँपालिकाको उत्तरमा मनाङ, पश्चिमतर्फ म्याग्दी जिल्ला, दक्षिणमा पर्वत र पोखरा महानगर र पूर्वमा माछापुच्छ्रे गाउँपालिका रहेका छन्। नेपाल सरकारको निर्णयअनुसार मिति २०७३।११।२७ गते साविकका गाविसहरू दाङसिङ, घान्द्रुक, सल्यान, लुम्ले, ढिकुरपोखरी तथा भदौरे तामागी गाउँ विकास समितिका १ र २ वडा समावेश गरी अन्नपूर्ण गाउँपालिका घोषणा गरिएको थियो। यस गाउँपालिका अन्तर्गत ११ वडा र ११ वटा स्वास्थ्य संस्था रहेका छन्। शैक्षिक हिसाबमा यस गाउँपालिकामा १ क्याम्पस, १ प्राविधिक शिक्षालय, सामुदायिक र संस्थागत गरी १८ वटा मा.वि. र ३९ वटा आ.वि. गरी जम्मा ५७ वटा शिक्षण संस्थाहरू सञ्चालित छन्। मध्यपहाडि लोकमार्गले बिचबाट चिरेर गएको यस गाउँपालिकामा केहि महत्वपूर्ण बजार केन्द्रहरू समेत रहेकाले प्राकृतिक स्रोतसाधन, मानविय विकास र विकासका दृष्टिले प्रचुर सम्भावना बोकेको नगरोन्मुख गाउँपालिका हो।

यस गाउँपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ। जनगणना २०७८ को तथ्यांक अनुसार कुल २२०९९ जनसंख्या रहेको छ जसमा पुरुषको संख्या १०६८६, महिलाको संख्या ११४१३ रहेको छ। यस गाउँपालिकामा ११ वडाहरू रहेका छन्। गाउँपालिकाको सहरी क्षेत्रको रुपमा विकसित भएका क्षेत्रहरूमा व्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरू रहेका छन्। औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य श्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो भने पर्यटन ठूलो सम्भावना बोकेको आर्थिक मेरुदण्ड हो। परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जिवनशैलीमा रमाउन थालेका छन्। स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागी विदेशिने क्रम बढिरहेको छ। यस गाउँपालिकामा आधारभूतदेखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था रहेका छन्। प्राविधिक शिक्षा र माथिल्लो तह अध्ययनका लागि यस गाउँपालिकाका स्थानीय विद्यार्थीहरू छिमेकी महानगरपालिका तथा अन्य जिल्लामा जाने गरेका छन्। अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन्। योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयन तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन। विभिन्न धर्म, समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ। दशैं, तिहार, होली, कृष्णजन्माष्टमी, ल्होसार, बुद्धजयन्ती, तिज, ट्होटे, माघे संक्रान्ति, चैते दशैं आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाइन्छ।

# अन्नपूर्ण गाउँपालिका,कास्की










Author: Er.Prabhat Paudel @Annapurna Gauplaika

## १.३. वडा विभाजन

| क्र.स. | नयाँ वडा | समावेश गाविस | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|---|---|---|
| १ | १ | ढिकुरपोखरी(१-३) | २६३५ | ६.७२ |
| २ | २ | ढिकुरपोखरी(४,९) | १६५६ | २.८१ |
| ३ | ३ | ढिकुरपोखरी (५-८) | २९५९ | १३.४८ |
| ४ | ४ | भदौरेतमागी (१,२), सल्यान (१-४, ६-८) | १९२९ | १०.५४ |
| ५ | ५ | सल्यान (५ ,९) | २३६२ | ५.७३ |
| ६ | ६ | लुम्ले (४,५,६) | २१४३ | ९ |
| ७ | ७ | लुम्ले (१-३, ७-९) | १६६८ | ४४.५६ |
| ८ | ८ | दाङसिङ (१-६) | १६३१ | १२.८७ |
| ९ | ९ | दाङसिङ (७-९) | ९८५ | २९.९३ |

| | | | | |
|---|---|---|---|---|
| १० | १० | घान्द्रुक (१-५) | २२२६ | २०.३ |
| ११ | ११ | घान्द्रुक (६-९) | १८२५ | २६१.८ |
| | जम्मा | | २२०९९ | ४१७.७४ |




**वडागत जनसंख्या**




**उमेर समुहअनुसार जनसंख्या**

# नव निर्वाचित जनप्रतिनिधिज्यूहरूको सपथ एवम् पदवहाली

**सपथ: २०७९ जेष्ठ ६ गते, पदवहाली: २०७९ जेष्ठ ९ गते**











सपथ ग्रहण तथा प्रमाण पत्र वितरण कार्यक्रम






आफ्नो कार्य कक्षमा गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षज्यू







निर्वाचित भइसकेपछि मतदाताहरुलाई धन्यवाद ज्ञापन













निर्वाचन अधिकृतबाट प्रमाण-पत्र ग्रहण गर्दै अध्यक्ष तथा उपाध्यक्षज्यू



गाउँपालिका कर्मचारीसँग नवनिर्वाचित अध्यक्ष तथा उपाध्यक्ष

## मुख्य उपलब्धीहरू

### अध्यक्षज्यूको पहिलो निर्णय : स्वास्थ्य बिमा कार्यक्रम

सामाजिक सुरक्षाको हक अन्तर्गत नेपालको संबिधानको धारा ३५ मा रहेको स्वास्थ्य सम्बन्धि हक, स्थानीय सरकार संचालन ऐन २०७४ तथा गाउँपालिकाको प्रशासकीय कार्य नियमित गर्ने ऐन बमोजिम संवैधानिक व्यवस्था गरिएको नि:शुल्क आधारभूत स्वास्थ्य सेवालाई राष्ट्रिय स्वास्थ्य बिमा नीति अन्तर्गत स्थानीय नागरिकको स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार गरी स्वास्थ्य बीमाबाट सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने नीतिको स्थानीय स्तरमा कार्यान्वयन गर्नका लागि अन्नपूर्ण गाउँपालिका, कास्कीबाट स्वास्थ्य बिमा कार्यविधि तयार गरी लागू गरिएको छ ।



स्वास्थ्य बीमामा आवद्ध गराउनको लागि आवश्यक विवरण संकलन गरिदै

जनप्रतिनिधिहरू निर्वाचित भएर आइसके पछाडि अन्नपूर्ण गाउँपालिकाका जनताहरूको आधारभूत स्वास्थ्य सुरक्षाको सुनिश्चितता गर्नको लागि र स्वस्थ मानब पुँजी बिकास मार्फत समग्र अन्नपूर्ण गाउँपालिकालाई नमूना बनाउन महत्वपूर्ण मानिएको यस कार्यक्रम अन्तर्गत गाउँपालिकाका जनताको स्वास्थ्य बिमामा ५० प्रतिशत अनुदान उपलब्ध गराउने र गरिब असहायको हकमा शत प्रतिशत नै अनुदान उपलब्ध गराउने गरी गाउँपालिका अध्यक्ष ज्यूको पदबहालीको क्रममा पहिलो निर्णय भएको थियो ।

स्वास्थ्य क्षेत्र जस्तो संबेदनशील बिषयलाई प्राथमिकता दिएर सुरु गरेको स्वास्थ्य बिमा कार्यक्रमबाट एक बर्ष भित्रमै १ हजार १ सय ५७ परिवार लाभान्वित भईसकेका छन् । भने बाँकी परिवार समेत यस कार्यक्रमबाट लाभ लिन उत्साहित देखिन्छन् । कोहि पनि नागरिक आर्थिक अभाबकै कारण उपचार बाट बन्चित हुन नपरोस भन्ने मनसायले संचालित यो स्वास्थ्य बिमा कार्यक्रम साँच्चिकै प्रभाबकारी देखिएको छ ।

### उपाध्यक्ष ज्यू को पहिलो निर्णय :

गरिब, असहाय, फरक क्षमता भएका व्यक्तिहरूलाई घर घरमै पुगेर परिचय पत्र वितरण ।



**कार्यान्वयनको अवस्था** : ६१ जना अपांगलाई घरमै पुगेर परिचय पत्र वितरण गरिएको,७९ जना जेष्ठ नागरिकलाई परिचय पत्र वितरण गरिएको, करिब १०० जना पूर्ण अशक्त अपाङ्गहरूलाई पोषण सामाग्री वितरण गरिएको ।



## पहिलो कार्यपालिका बैठक :

मिति २०७९/०२/२२ बार्षिक कार्ययोजना निर्माण र विभिन्न बिषयगत समिति गठन गरिएको ।

## नीति तथा कार्यक्रम निर्माणमा विज्ञ तथा राजनीति दलका प्रतिनिधिसँग छलफल तथा अन्तरक्रिया

अन्नपूर्ण गाउँपालिकाले नव निर्वाचित जनप्रतिनिधि निर्वाचित भइसकेर आइसकेपछि वार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माण गर्दा सम्बन्धित विषयका विज्ञहरू उच्च पदस्थ कर्मचारीहरू, राजनीतिक दलका प्रतिनिधि र अन्य सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया, सुझाव संकलन कार्यको सुरुवात गरेको छ । यसबाट गाउँपालिकाले निर्माण गरेको नीति र बजेट थप प्रभावकारीरुपमा कार्यान्वयन भएको छ ।





मिति २०७९/०२/२८ गतेको छलफल अन्तरक्रिया एवम् सुझाब संकलन कार्यक्रम

## स्थानीय सरकार र शुसासन

कर्मचारीहरूलाई उच्च मनोबलका साथ जनताले परिवर्तन महशुस गर्ने गरी काम गर्नको लागि उत्प्रेरित गरिएको छ भने पालिकामा शुसासन र प्रभाकारी कार्य सम्पादनको लागि विद्युतीय हाजिरीको प्रयोग, कार्यालय सुरु हुनु अघि राष्ट्रिय गान, दैनिक रुपमा अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बैठक बसी अघिल्लो दिनको समिक्षा र सो दिनको कार्य योजना प्रस्तुतिले कर्मचारी बाट प्रभाबकारी कार्य सम्पादन भएको छ ।



कार्यालय समयको शुरुवातमा सामुहिक राष्ट्रियगानमा सहभागी जनप्रतिनिधि र कर्मचारीहरु



कार्यालयमा जडान भएको विद्युतीय हाजिरी मेसिन

साथै बिध्यमान जनशक्तिको क्षमताको उच्चतम प्रयोग गर्दै आगामी दिनमा आवश्यक जनशक्तिको पहिचान गरी उच्चतम उपयोगको लागि गाउँपालिकाको जनशक्ति क्षमता बिकास योजना निर्माण भईरहेको छ । त्यस्तैगरी मिति २०७९/०३/०७ गतेको कार्यपालिका बैठकबाट गाउँपालिका प्रबक्ता नियुक्ति गरी गाउँपालिका सम्बन्धी कार्यपालिकाको निर्णय, सूचना तथा अन्य जानकारीहरू सार्वजनिक गर्ने गरिएको छ ।

## गाउँपालिकाको पहिचान

अन्नपूर्ण गाउँपालिकाको पहिचान झल्कने गरी गाउँपालिकाको समग्र क्षेत्रलाई समेट्ने खालको लोगो प्रस्ताब माग गरी उपयुक्त लोगो छनौट गरी कार्यन्वयनमा ल्याइएको छ ।




## गाउँपालिका अध्यक्ष सचिवालय, सेवाग्राही प्रतिक्षालय र गुनासो सुनुवाई व्यवस्था

गाउँपालिकामा अध्यक्षसँग भेटघाट तथा गुनासोको लागि आउने सेवाग्राहीलाई प्रतीक्षा कक्षको ब्यवस्था मिलाइएको छ भने अध्यक्ष ज्यू संग आफ्नो गुनासो राख्न सचिबालय सहित छुट्टै कार्यकक्षको ब्यबस्था, दैनिक कार्यक्रमको जानकारीको लागि नोटिस बोर्डको ब्यबस्था,चार्जीङ पोर्टको ब्यवस्था मिलाइएको छ । सेवाग्राहीले सेवा लिन पालिका वा सम्बन्धित वडामा जाँदा सेवा प्रबाहको स्तर मापन,कर्मचारीको ब्यबहार सम्बन्धमा अध्यक्ष ज्यू संग गुनासो राख्ने र सल्लाह सुझाबको लागि सेवाग्राही सन्तुष्टी सर्वेक्षण फाराम QR Code सहित अनलाइन मार्फत भर्ने ब्यवस्था मिलाइएको छ साथै प्राप्त गुनासोको आधारमा सेवा प्रबाहमा सुधार गरिदै लगिएको छ ।









# नागरिकको घर घरमा स्थानीय सरकार

स्थानीय सरकार घर दैलोमै भनेर त गाउँपालिका स्थापना हुँदा देखि नै भनिन्थ्यो तर के बास्तवमा नागरिकले त्यो अनुभूति गर्न पाएका थिए त ? अवश्य जति आभास हुनु पर्ने थियो,त्यो थिएन । त्यसैले जनतालाई सरकार आफ्नो नजिक भएको आभास दिलाउनको लागि अन्नपूर्ण गाउँपालिकाले नागरिकको घर घरमा स्थानीय सरकार भनेर अभियान नै संचालन गरेको छ । नव निर्वाचित जनप्रतिनिधि आइसके पछाडी जनतालाई त्यो आभास दिलाउनको लागि योजना सम्झौता गर्नको लागि टोल टोलमा पुगिएको थियो भने वडा वडामा राजश्व संकलन, करदाता शिविर एबम कृषि,पशु,स्वास्थ्य सेवा घर घर मै पुगेर प्रदान गर्नको लागि समय समयमा अभियान र घुम्ती शिविर नै संचालन गरेर पालिकाले जनतालाई स्थानीय सरकार घर घरमै भन्ने अभियानलाई सार्थक तुल्याउँदै जनतालाई केहि हद सम्म स्थानीय सरकार प्रति बिश्वास दिलाउन सफल भएको अनुभूति गर्न सकिन्छ ।




नि:शुल्क पशु स्वास्थ्य शिविर




टोल टोलमै योजना सम्झौता





वडा वडामा अनलाइन करदाता दर्ता, राजश्व संकलन तथा घटना दर्ता शिविर

## सेवा प्रवाहमा सरलीकरण र प्रविधिको प्रयोग

सूचना प्रबिधिको अधिकतम प्रयोग मार्फत समग्र कार्य सम्पादन र सेवा प्रबाह समेत प्रभावकारी हुन्छ भन्ने कुरामा नव निर्वाचित जनप्रतिनिधि ज्यू हरू दृढ रहेको कारण पालिकाले सूचना प्रबिधिको प्रयोग मार्फत सेवा प्रबाहलाई सरलीकरण गर्दै प्रभावकारी सेवा प्रदान गरिरहेको छ । राजश्व संकलन,योजना सम्झौता, घटना दर्ता जस्ता कृयाकलापहरू अनलाइन प्रणालीमार्फत् संचालन गर्दा जनताले शुसासनको अनुभूति गर्न पाएका छन्, कर्मचारीलाई समेत दस्ताबेजीकरण र रिपोर्टिङमा सहज भएको छ । साथै पालिकाले सिफारिस, दर्ता




अनलाइन राजश्व संकलन कार्यक्रम




करदाता पोर्टल सिफारिस तथा दर्ता चलानी प्रणाली सम्बन्धि तालिम

चलानी, सूची दर्ता समेत प्रणाली मार्फत ब्यबस्थित गर्ने गरी पालिका एबम ११ वटै वडाका  कर्मचारीको क्षमता अभिवृद्धि गरिसकेको छ भने सो प्रणालीहरू कार्यान्वयनको चरण मा रहेको छ, जसबाट  सबै वडा एबम पालिकाबाट गर्ने सिफारिसमा एकरुपता आउने छ भने दर्ता चलानी र सूची दर्ता समेत ब्यबस्थित हुने छ । यसले सेवा प्रवाहमा सूचना प्रविधिको उच्चतम प्रयोग गर्दै सेवामा पारदर्शिता कायम गरी पालिकालाई विद्युतीय शासन मैत्री पालिकाको रुपमा स्थापित गर्ने प्रयासमा रहेको छ ।

## राजश्व संकलन र भुक्तानी प्रणालीमा आधुनिकीकरण




इ-पेमेन्ट सेवा सुभारम्भ समारोह

परम्परागत शैली बाट राजश्व संकलन गर्दा राजश्व चुहावट हुने, राजश्वको बास्तबिक शिर्षक पहिचान हुन नसक्दा आगामी बर्षको राजश्व प्रक्षेपणमा कठिनाई हुने र राजश्व तिर्नको लागि टाढा टाढाबाट दुख पाउनु पर्ने अवस्थालाई अन्त्य गर्नको लागि अन्नपूर्ण गाउँपालिकाले राजश्व सुधार कार्य योजना नै निर्माण

गरेर राजश्व सुधारका बिभिन्न कार्यक्रम गरेको छ भने सूचना प्रबिधिको प्रयोग मार्फत् राजश्व संकलनमा QR Code, विद्युतीय भुक्तानी माध्यम Esewa, Connect Ips मार्फत् घर मै बसेर राजश्व संकलन गर्ने ब्यवस्था मिलाएको छ । वडा वडामा गएर अनलाइन राजश्व संकलन शिविर नै संचालन गरेको पालिकाले प्रबिधिको भरपुर प्रयोग मार्फत राजश्वमा आधुनिकीकरण गर्दा गत आ.ब. मा भन्दा राजश्व संकलनमा समेत वृद्धि भएको छ भने जनताले घरबाटै राजश्व तिर्ने ब्यवस्था मिलाइएको छ, हालसम्म ३७ सय करदाता प्रणालीमा आबद्ध भइसकेका छन् भने १ करोड ४० लाख राजश्व संकलन भईसकेको छ, गत आ.ब. बैशाख मसान्तसम्म १ करोड मात्र राजश्व संकलन भएको थियो ।






साथै पालिकाले भुक्तानी गर्नुपर्ने रकम Electronic Fund Transfer (EFT) माध्यमबाट गर्दा आवश्यक कागजात पेश गरिसके पछाडि चेक लिनकै लागि पालिका धाउनुपर्ने अवस्थाको अन्त्य भएको छ, यसबाट भुक्तानी लिनु पर्ने उपभोक्ता समिति, कन्स्ट्रक्सन कम्पनी, अन्य ब्यबसायीहरूलाई सहज भएको छ ।






गाउँपालिका तथा वडाका कर्मचारी लक्षित सूचना प्रविधि सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम






नव निर्वाचित जनप्रतिनिधिको लागि लक्षित क्षमता अभिवृद्धि कार्यक्रम

## आन्तरिक श्रोतको पहिचान र वित्तीय सबलता

अन्नपूर्ण गाउँपालिकाले आफ्नो राजश्व संकलन र करको दायरा बढाउनको लागि बिभिन्न पहल समेत सुरुवात गरेको छ । करको दायरा फराकिलो बनाउँदै आन्तरिक राजश्व वृद्धि गर्ने उद्देश्यले वातावरणीय प्रभाव मुल्यांकन गरी ढुंगा, गिटी, बालुवाको ठेक्का लगाउने कामको सुरुवात गरेको छ। त्यस्तै निजि जग्गा व्यबस्थापन सम्बन्धि कार्यविधि, अन्नपूर्ण आधार शिबिरमा हेलिकप्टर उडान पर्यटन शुल्क व्यबस्थापन सम्बन्धि कार्यविधि नै निर्माण गरी सो क्षेत्र मार्फत कर संकलनको सुरुवात गरेको छ भने राजश्व सुधार कार्य योजना मार्फत पहिचान भएका अन्य क्षेत्रमा समेत कर संकलन गर्ने तयारी गरिरहेको छ ।

## सेवा केन्द्र स्थापना र सेवामा विकेन्द्रीकरण

अन्नपूर्ण गाउँपालिका भौगोलिक हिसाबले ठूलो पालिका भएको हुँदा सेवा लिनको लागि टाढा टाढाबाट पालिका धाउनुपर्ने अवस्थाको अन्त्य गर्नको लागि वडा नं. ५,७,८,९,१० र ११ का जनतालाई मध्य नजर गर्दै वडा नं. ८, बिरेठाँटीमा कृषि तथा पशु सेवा केन्द्र स्थापना गरी आवश्यक पूर्वाधार,उपकरण एबम जनशक्तिको व्यवस्था मिलाई सेवामा विकेन्द्रीकरण गरिएको छ, यसबाट सो क्षेत्रका जनताले प्रत्यक्ष लाभ लिन सक्नेछन् भने कृषकहरूलाई आन्तरिक उत्पादन, एबम् कृषि एबम् पशु पालन व्यबसायको लागि प्रोत्साहन र आवश्यक परामर्श सेवा प्राप्त हुनेछ ।





कृषि तथा पशु सेवाकेन्द्र स्थापना कार्यक्रम

## पर्यटन र रोजगारी

समग्र गाउँपालिकाको मुख्य आयश्रोतको रुपमा रहेको पर्यटन क्षेत्रलाई प्रवर्धन गर्न र पालिकाको पर्यटनमा खपत हुने दक्ष जनशक्ति पालिकामै उत्पादन गरी युवाहरूलाई सिपमुलक तालिम मार्फत पर्यटन ब्यबसाय र आय आर्जन एबम आर्थिक पुनरुथ्थानसँग जोड्ने उद्देश्यले गाउँपालिकाद्वारा संचालित ट्रेकिङ गाइड तालिम कार्यक्रमले गाउँपालिकाको पर्यटन क्षेत्र र युवा रोजगारीमा प्रत्यक्ष योगदान पुर्याएको छ । ट्रेकिङ गाइड तालिम लिन काठमाडौं नै जानुपर्ने अवस्थाको अन्त्य गर्दै गाउँमै गाइड तालिम संचालन गर्दा अन्नपूर्ण गाउँपालिकाका एघार वटै वडाका युवाहरूको उल्लेख्य सहभागिता थियो । नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान, काठमाडौंको प्राबिधिक सहयोगमा संचालित १५ दिने यस तालिममा युवाहरूलाई सैधान्तिक एबम प्रयोगात्मक सीप प्रदान गरिएको थियो । जसमा ४० भन्दा बढी युवा सहभागी थिए भने ३५ युवाले परिक्षा उत्तीर्ण गरी गाइडको लाइसेन्स प्राप्त गरी रोजगारीमा समेत आबद्ध भईसकेका छन् । पालिकाभित्र आवश्यक जनशक्ति आन्तरिक रुपमै उत्पादन गर्ने यस किसिमको नव प्रवर्धनात्मक कार्यक्रमबाट पर्यटन क्षेत्रको बिकासमा योगदान पुगेको छ भने युवाहरूलाई रोजगारी समेत प्रदान गरेको छ ।






युवाहरूलाई लक्षित गरी सञ्चालित १५ दिने ट्रेकिङ गाइड तालिम

## एकीकृत पर्यटन सूचना केन्द्र स्थापना, पर्यटन विकासमा प्रविधिको प्रयोग

गाउँपालिकाको प्रचुर सम्भाबना बोकेको पर्यटन क्षेत्रको बिकासको लागि अन्नपूर्ण गाउँपालिका वडा नं. ८ बिरेठाँटीमा नव निर्वाचित जनप्रतिनिधिबाट पर्यटक सूचना केन्द्र भवन शिलान्यास भई हाल निर्माणको अन्तिम चरणमा पुगिसकेको छ भने दिगो रुपमा पर्यटक सूचना केन्द्र संचालन एबम ब्याबस्थापनको लागि कार्यविधि निर्माण भईरहेको छ । उक्त पर्यटक सूचना केन्द्रलाई पर्यटन बोर्ड,अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना, पर्यटन ब्यबसायी लगायत अन्य सरोकारवाला संग समन्वय र सहकार्य गरेर संचालन गरिने छ । साथै उक्त सूचना केन्द्रलाई अनुसन्धानको हब समेत बनाउने योजना रहेको छ ।

पर्यटन प्रवर्धनको लागि सूचना प्रविधिको ब्यापक प्रयोग गर्ने उद्देश्य अनुरुप अन्नपूर्णभित्रका पर्यटकीय, धार्मिक, ऐतिहासिक, सांस्कृतिक स्थल, पदमार्ग, होटल लगायत सम्पूर्ण सूचना एकीकृत रुपमा उपलब्ध गराउने, नयाँ गन्तब्यको प्रवर्धन गर्ने उद्देश्यले एकीकृत पर्यटन सूचना पोर्टल समेत निर्माण भइसकेको छ भने यसलाई

सूचना केन्द्र सँगसँगै संचालनमा ल्याइने छ, साथै पर्यटन क्षेत्रमा नव प्रवर्धनात्मक कार्य गर्नको लागि ३६० डिग्री भ्यू, भर्चुअल टुर, Augmented Reality जस्ता अत्याधुनिक प्रविधिको संयोजन समेत गर्ने गरी काम अघि बढिरहेको छ ।





नव प्रवर्द्धन साझेदारी कार्यक्रम अन्तर्गत बिरेठाँटीमा एकीकृत पर्यटक सूचना केन्द्र भवन शिलान्यास कार्यक्रम



पर्यटक सूचना केन्द्रको निर्माणाधिन भवन




एकीकृत पर्यटक सूचना पोर्टलको वाह्य आवरण

# स्थानीय पूर्वाधार बिकासको अभियानमा अन्नपूर्ण गाउँपालिका

गाउँपालिकाले निर्माण गर्ने हरेक पूर्वाधार गुणस्तरीय हुनुपर्छ भन्ने मान्यतालाई आत्मसाथ गर्दै पूर्वाधार हरूको गुणस्तर परीक्षणको लागि छुट्टै ल्याब संचालनमा ल्याइएको छ भने पूर्वाधार बिकासको क्रममा दिगो बिकासको मुलभूत मान्यतालाई समेत आत्मसाथ गर्दै ठूला बिकास आयोजनाहरूको वातावरणीय प्रभाव मूल्यांकन र बिस्तृत परियोजना प्रतिबेदन तयार पारेर मात्र आयोजना संचालन गर्ने गरिएको छ । स्थानीय स्तरमा अत्यावश्यक पूर्वाधार बिकासका परियोजनालाई प्राथमिकता दिई स्थानीय श्रोत साधन र जनशक्तिको उच्चतम प्रयोगको सुरुवात गरिएको छ । गाउँपालिका भित्र सम्भावित र आवश्यक सडक पूर्वाधार पहिचान गरी कच्ची सडकलाई स्तरोन्नती गर्दै ग्राभेल बाटो, ढलानबाटो निर्माणलाई प्राथमिकता दिइएको छ साथै गाउँपालिकाको गौरबको आयोजनाको रुपमा रहेका काँडे-भदौरे-सल्यान मोटरबाटो योजना तथा बृहत लान्द्रुक खानेपानी आयोजनाको काम समेत तिब्र रुपमा अगाडि बढिरहेको छ । पर्यटकीय हिसाबले अथाह सम्भावना बोकेको पालिका भएको हुनाले पर्यटकीय क्षेत्रमा थप पर्यटन पदमार्ग निर्माण एबम सुधारलाई प्राथमिकता दिई आयोजना संचालन गरिएको छ । गाउँपालिका भित्र आवश्यक झोलुंगे पुलको पहिचान गरी बिस्तृत परियोजना प्रतिबेदन समेत तयार पारिसकिएको छ । साथै निर्माणाधिन आयोजनाहरूको गुणस्तर कायम गर्नको लागि अनुगमन समितिको सक्रियतालाई बढाइएको छ ।

## निर्माणाधिन आयोजनाहरू




























योजना व्यबस्थापन प्रणाली कार्यान्वयनमा ल्याई भौतिक तथा वित्तीय प्रगति सर्वसाधारणले समेत हेर्न मिल्ने र गुनासो, सल्लाह, सुझाब समेत पेश गर्ने व्यबस्था मिलाइएको साथै योजनाको GIS Maping मार्फत् दस्तावेजीकरणको शुरुवात गरिएको




विरेठाँटीमा निर्माणाधिन पर्यटक सूचना केन्द्र भवन



निर्माण सम्पन्न हुन लागेको १५ शैयाको अस्पताल




बाटो ढलान वडा नं. ९




निर्माणाधिन आयोजनाको अनुगमन



निर्माणाधिन खानेपानी ट्याङ्की





विभिन्न आयोजनाहरूको गुणस्तर परीक्षण







काडे–भदौरे–सल्यान सडकसँग सम्बन्धित झलक

# शिक्षामा नवीनता, गुणस्तरीय शिक्षाको सुनिश्चितता

पछिल्लो स्थानीय निर्वाचनपश्चात् गाउँपालिकाको समृद्धिको मुख्य आधार मानव स्रोतको विकासलाई मानी शैक्षिक गुणस्तर सुधारलाई पहिलो प्राथमिकतामा राखी शैक्षिक क्षेत्रमा सुधार गर्नको लागि नवीनतम् प्रयासहरूको थालनी गरिएको छ। जस अन्तर्गत गाउँ शिक्षा समिति, गाउँ शिक्षा अनुगमन समिति तथा ११ वटै वडामा वडा शिक्षा समिति गठन भई क्रियाशील रहेका छन्। त्यस्तै शैक्षिक गुणस्तर सुधारका लागि विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र विषयगत शिक्षकहरूलाई नै स्वयं जिम्मेवार बनाउन नियमित बैठक तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएका छन्। साथै गुणस्तर सुधारका लागि प्रतिवद्धता समेत व्यक्त गरिएको छ। शैक्षिक गुणस्तरसँग सम्बन्धित सञ्चालित अन्य कार्यक्रमहरू शाखागत प्रगति शीर्षकमा उल्लेख गरिएको छ।



गाउँ शिक्षा समितिका पदाधिकारीहरू





विद्यार्थी सम्मान तथा प्र.अ. बैठक





शिक्षकहरूलाई सम्मान गरिदै





प्रधानाध्यापकहरूसँग शैक्षिक गुणस्तर सुधारको लागि छलफल कार्यक्रम







विभिन्न शैक्षिक तथा खेलकुद कार्यक्रम

# शसक्तिकरण र सामाजिक समावेशीकरणमा अन्नपूर्ण गाउँपालिका

बिकास भनेको भौतिक पूर्वाधार मात्र हो भन्ने पुरानो मान्यतालाई तोड्दै गाउँपालिकाले आर्थिक एबम सामाजिक हिसाबले पिछडिएका बर्गको आर्थिक पुनरुथ्थान, सामाजिक परिवर्तन र शसक्तिकरणको लागि प्राथमिकता दिई काम गरिरहेको छ । गाउँपालिकद्वारा निर्माण गर्ने बिभिन्न समिति होस या आयोजना संचालनको लागि गठित उपभोक्ता समिति होस्, पछाडि परेका बर्गको सहभागितालाई सुनिश्चित गरिएको छ ।




अपाङ्गता सञ्जाल गठन कार्यक्रम




कानुनी सचेतना कार्यक्रम

त्यस्तै महिला, दलित, अपाङ्गता भएका व्यक्तिको लागि शसक्तिकरणका लागि बिभिन्न कार्यक्रम संचालन गर्दै आइरहेको छ । महिलाहरूलाई संगठित बनाएर उनीहरूको क्षमता अभिवृद्धि गर्ने र आत्मा निर्भर बनाउनको लागि ११ वटै वडामा महिला संजाल गठन गरिएको छ । साथै पालिकास्तरीय महिला सञ्जाल समेत गठन गरिएको छ । उनीहरूको क्षमता बिकास, कानुनी सचेतना सम्बन्धि बिभिन्न कार्यक्रम गरिएको छ, त्यस्तै दलित समुदायको लागि आर्थिक जीविकोपार्जनसँग जोड्न बिभिन्न सिपमूलक र आय आर्जनका कार्यक्रम संचालन गरिएको छ ।




वडास्तरीय महिला सञ्जाल गठन कार्यक्रम



नेतृत्व विकास तथा उद्घोषण तालिम






महिला क्षमता अभिवृद्धि कार्यक्रम

## आत्मनिर्भरता मार्फत् सम्वृद्धि



गाउँपालिकाबासीहरू आर्थिकरुपमा आत्मनिर्भर भएमात्र सम्वृद्धिको बाटोमा अगाडि बढ्न सकिन्छ भन्ने मान्यताका साथ नयाँ जनप्रतिनिधिहरूको पहिलो एक वर्ष अवधिमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) तथा अन्य विषयगत शाखाहरू मार्फत् विभिन्न वडाहरूमा सीपमूलक तालिम कार्यक्रमहरू सम्पन्न गरिएका छन् ।





वडा नं. १० मा भाङ्ग्रा तथा ढाका बुनाई तालिम

## विपद व्यबस्थापनमा सक्रियता

पालिकामा वन वातावरण,सरसफाई तथा विपद व्यबस्थापन संग सम्बन्धित छुट्टै शाखा र कर्मचारी नहुँदा सो सम्बन्धि कार्यविधि निर्माण र कार्य संचालन प्रभावित भएको कुरालाई मध्य नजर गर्दै वन, वातावरण, सरसफाई र विपद व्यबस्थापनलाई समेत प्राथमिकताका साथ छुट्टै शाखा, पूर्वाधार र जनशक्ति व्यबस्थापन गरी कार्य संचालन गर्दा उक्त शाखाबाट संचालित कार्यहरू प्रभाबकारी भएका छन् । गाउँपालिकाले बिभिन्न स्थानमा वातावरणमैत्री पार्क निर्माणलाई समेत प्राथमिकताका साथ अघि बढाएको छ ।



सुरक्षाकर्मीलाई विपद सामाग्री हस्तान्तरण



विपद प्रभावित क्षेत्रको निरीक्षण

# आन्तरिक उत्पादनमा जोड

गाउँपालिकाबासीको मुख्य आयस्रोतको रुपमा रहेको कृषि तथा पशुपंक्षीको क्षेत्रमा व्यवसायिक उत्पादनमा जोड दिई आन्तरिक उत्पादनमा आत्मनिर्भर बनाउन विभिन्न प्रयासहरू गरिएको छ । विशेषगरी जग्गा बाँझो छाड्ने प्रवृत्तिलाई निरुत्साहित गरी कृषि तथा पशुपंक्षीको क्षेत्रमा युवावर्गको सहभागितालाई जोड दिइएका छ । कृषकहरूलाई व्यवसायिक उत्पादन विभिन्न अनुदान उपलब्ध गराउनुका साथै आवश्यक परामर्श सेवा उपलब्ध गराइएको छ भने उत्पादनलाई बजारीकरणको लागि आवश्यक पहल गरिएको छ । जसअन्तर्गत कृषि क्षेत्रमा बगैंचा अनुगमन तथा रोग एवं किरा निराकरणका लागि परामर्श प्रदान गरिएको छ साथै आन्तरिक उत्पादनको प्रचार र प्रवर्द्धनको लागि कन्दमुल तथा कोदो बाली प्रदर्शनी मेलासमेत आयोजना गरिएको थियो । कृषिलाई आधुनिकीकरणको लागि विभिन्न औजारहरू उपलब्ध गराइएको छ । कृषकहरूलाई दुधजन्य तथा मासुजन्य उत्पादनमा आत्मनिर्भर बनाउन उत्पादनका आधारमा अनुदान उपलब्ध गराइएको छ ।




पशुहरूमा परजिवी नियन्त्रण कार्यक्रम





कृषि प्रदर्शनी मेला तथा किसानहरूलाई हाते ट्याक्टर वितरण कार्यक्रम









कृषकलाई नि:शुल्क पशु औषधी वितरण तथा पशु भ्याक्सिनेशन कार्यक्रम





कृषि पकेट क्षेत्र सम्बन्धमा छलफल तथा अनुदानमा वितरण गर्न लागिएको आलुको बिउ




क्लष्टरमा रैथाने बाली प्रवर्द्धन कार्यक्रम




कृषि प्रदर्शनी मेलामा सहभागीलाई प्रमाण-पत्र वितरण

# निस्सा वितरण तथा जग्गा वर्गीकरण

अन्नपूर्ण गाउँपालिकाले भूमिहीन, सुकुम्बासी नागरिकलाई निस्सा वितरणलाई समेत तिब्रताका साथ अघि बढाएको छ, ११ वटै वडाका भूमिहीन, सुकुम्बासी नागरिकलाई निस्सा वितरण गरिसकिएको छ भने हाल लालपुर्जा वितरणको तयारी भइरहेको छ । त्यसैगरी ११ वटै वडाका जग्गालाई कृषि र गैर कृषि गरी वर्गीकृत गरिएको छ ।



अशक्त नागरिकको घरमै पुगेर निस्सा वितरण गर्दै अध्यक्ष, उपाध्यक्षज्यू




वडा नं. २ मा सञ्चालित निस्सा वितरण कार्यक्रम




निस्सा (सेतो पुर्जा) वितरण कार्यक्रम वडा नं. ७

## कार्यसम्पादन मूल्याङ्कन नतिजा

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्राकतिक स्रोत तथा वित्त आयोजनाद्वारा विभिन्न विषयगत क्षेत्र र सूचकहरूको आधारमा गाउँपालिकाले गरेको मूल्याङ्कन नतिजा

- स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (लिसा) प्राप्तांक : ८४.७५
- वित्तीय शुसासन जोखिम मूल्यांकन प्राप्तांक : ७०
- प्राकृतिक श्रोत तथा बित्त आयोग कार्य सम्पादन मूल्यांकन प्राप्तांक-६६.१४




## बजार अनुगमन






उपभोक्ताको हितको सुनिश्चित गर्नको लागि नियमितरूपमा बजार अनुगमन गर्ने गरिएको

## गाउँपालिकाबाट पारित भई राजपत्रमा प्रकाशित विभिन्न ऐन, नियम तथा कार्यविधिहरू

### आ.ब. २०७९/८० मा पारित भई राजपत्रमा प्रकाशित कानूनहरू : १५ वटा
### २ वटा प्रकाशनको चरणमा रहेका

- अन्नपूर्ण गा.पा. स्थानीय पाठ्यक्रम विकास निर्देशिका, २०७९
- अन्नपूर्ण बिव्यस गठन सम्बन्धि कार्यबिधि-२०७९
- कुखुरा पालक कृषकलाई चल्ला खरिदमा अनुदान वितरण सम्बन्धि कार्यविधि
- दुग्ध उत्पादक कृषकलाई उत्पादनको आधारमा प्रोत्साहन अनुदान सहगोग,
- नमूना फर्म निर्माणमा अनुदान वितरण सम्बन्धि कार्यविधि
- बालकोष सञ्चालन कार्यविधि
- स्वास्थ्य बीमा कार्यक्रम-कार्यविधि-२०७९
- विपद कोष कार्यविधि
- सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन कार्यविधी-२०७९
- शिक्षा निमावली २०७४ पहिलो सम्शोधन-२०७९
- महिला शसक्तिकरण सम्बन्धि कार्यविधि-२०७९
- गाउँपालिका जलश्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि-२०७९
- गै स स परिचालन सम्बन्धि कार्यविधि-२०७९
- अन्नपूर्ण आधार शिबिरमा हेलिकप्टर उडान पर्यटन शुल्क व्यबस्थापन कार्यविधि-२०७९
- निजी जग्गाबाट प्राकृतिक श्रोत साधनको उत्खनन, संकलन तथा बिक्री वितरण व्यबस्थित गर्ने सम्बन्धि कार्यविधि
- सरसफाई तथा फोहोरमैला ब्यबस्थापन सम्बन्धि कार्यविधि (राजपत्रमा प्रकाशित हुन बाँकी)
- पर्यटक सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविध (राजपत्रमा प्रकाशित हुन बाँकी)

## क्रियाशील विभिन्न समितिहरू

- वन वातावरण तथा विपद व्यवस्थापन समिति
- सार्वजनिक सेवा तथा क्षमता विकास समिति
- आर्थिक विकास समिति
- बजेट तथा कार्यक्रम तर्जुमा समिति
- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति
- सार्वजनिक लेखा समिति
- गाउँ शिक्षा अनुगमन समिति
- राष्ट्रिय भूमि आयोग अन्नपूर्ण गाउँपालिका समिति
- अन्नपूर्ण गाउँपालिका एकल महिला समिति
- नव प्रवर्द्धन साझेदारी कार्यक्रम कार्यान्वयन समिति
- महिला सञ्जाल
- सामाजिक विकास समिति
- पूर्वाधार विकास समिति
- विधायन समिति
- स्थानीय राजश्व परामर्श समिति
- न्यायिक समिति
- गाउँ शिक्षा समिति
- स्थानीय विपद व्यवस्थापन समिति
- बजार अनुगमन समिति
- लघु उद्यम विकास समिति
- अनुगमन समिति

# अन्य विविध क्रियाकलापहरू





सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष आगामी आ.ब २०८०/०८१ का लागी वडा नं १ देखि ११ सम्म समेटने गरी योजना मागको प्रक्रिया अगाडि बढाइएको ।








२०७९/११/२७ गते गाउँपालिका स्थापना दिवसको उपलक्ष्यमा गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री खगराज अधिकारीज्यूको प्रमुख आतिथ्यता र संघीय सांसद दामोदर बैरागीज्यूको विशेष आतिथ्यतामा नव निर्वाचित जनप्रतिनिधि सम्मान तथा निवर्तमान जनप्रतिनिधिलाई विदाई कार्यक्रम सम्पन्न गरिएको ।






नि:शुल्क पशुजन्य औषधि वितरण तथा शिविर






आन्तरिक उत्पादन तथा रैथाने बाली प्रवर्धन कार्यक्रम



गैर सरकारी संस्थाहरूसँग समन्वयात्मक बैठक



हेलिकप्टर कम्पनीसँग सम्झौता



अध्यक्ष कप भलिबल विजेता टिम



वडास्तरीय महिला सञ्जाल गठन कार्यक्रम






महेन्द्र आ.वि. हिरत जयन्ती समारोह



तत्कालीन माननीय मुख्यमन्त्रीज्यूसँग गाउँपालिका पदाधिकारी



गाउँ शिक्षा अनुगमन समिति





विविध कार्यक्रम




गाउँपालिका कार्यक्षेत्र भएका लघुवित्तहरूसँग छलफल



अन्नपूर्ण संरक्षण क्षेत्र परियोजनाका पदाधिकारीसँग छलफल



## १३ औं गाउँसभाका झलकहरू












# विभिन्न विषयगत शाखाबाट सम्पादित अन्य कार्यहरू

**प्रशासन शाखाबाट सम्पादन हुने :**



सार्वजनिक सुनुवाई कार्यक्रम

- स्थानीय तह सदस्य निर्वाचन २०७९ सम्पन्न गर्न सहजीकरण गरिएको ।
- विभिन्न चौमासिकमा तीनपटक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको ।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरूसँग कार्यसम्पादन सम्झौता गरि जिम्मेवारी दिइएको ।
- कृषि शाखामा कृषि स्नातक १ जना, कृषि स्वयम् सेवक १ जना र कृषि सहजकर्ता ८ जना, सामी परियोजनाका लागि रिटर्नी स्वयम्सेवक १ जना, रोजगार शाखाको लागि प्राविधिक सहायक १ जना गरी कुल १२ जना कर्मचारीहरू नियुक्ति गरि सम्बन्धित शाखामा कामकाजका लागि खटाइएको ।
- यस कार्यालय मातहतका कार्यालयमा कार्यरत ३ जना कर्मचारीहरूका लागि सरुवा सहमती दिइएको र अन्य कार्यालयबाट यस कार्यालयमा सरुवा भई आउनका लागि १ जनालाई सहमति दिइएको ।
- मिति २०७९/०८/१३ गते राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको
- मिति २०७९/१०/०५ गते करार सेवामा कार्यरत कर्मचारीहरूबीच छलफल कार्यक्रम सञ्चालन गरिएको ।
- २०७९/१०/२६ गते यस गाउँपालिकामा क्रियाशील रहेका राजनैतिक दलका प्रमुखतथा प्रतिनिधिहरूसँग छलफल कार्यक्रम सम्पन्न गरिएको ।
- यस गाउँपालिकाको स्वामित्वमा रहेका सवारी साधनहरूको बीमा गरिएको ।
- प्रदेश निर्वाचन कार्यालय, गण्डकी प्रदेश पोखराको पत्रानुसार मतदाता नामावली अद्यावधिक कार्यक्रम, २०७९ का लागि सहजीकरण गरिएको ।
- विभिन्न कार्यालय तथा मन्त्रालयहरूमा बजेट माग, निःशुल्क छात्र/छात्रावृत्ति र स्वास्थ्य उपचार गर्न सिफारिस गरिएको ।
